नेपाल सरकार
गृह मन्त्रालय

मिति २०७४ बैशाख २१ गते आयोजना गरिएको विषयगत क्षेत्रका नेतृत्व र सह-नेतृत्व लिने निकाय तथा अन्य निकायहरुको बैठकका छलफल तथा निर्णयहरु

१. विभिन्न Cluster/ तथा निकायहरुबाट तयार पारिएको बन डढेलो, आगलागी तथा मनसुनसम्वन्धी आपत्कालीन कार्य योजनाका सम्बन्धमा बैठकमा छलफल भयो ।यसलाई एकिकृत रुप प्रदान गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

२. आगलागी तथा वन डढेलोका घटनाहरु भइरहेको अवस्थामा मानवीय तथा वातावरणीय क्षति दिनानुदिन बढी रहेको छ । यस सन्दर्भमा आगामी दिनमा यस्ता घटनाहरु न्यूनीकरण गरी जनधनको क्षति घटाउनेतर्फ कदम चाल्न जरुरी देखिएकाले केन्द्रदेखि स्थानीयतहसम्मका निकायहरु परिचालन गरी व्यापकरुपमा जनचेतनाका कार्यक्रमहरु संचालन गर्न संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सूचना तथा संचार मन्त्रालय र वन तथा भू-संरक्षण मन्त्रालयलाई अनुरोध गर्ने।

३. आगलागी तथा वन डढेलोका घटनाहरुबाट मानवीय, भौतिक तथा वातावरणीय क्षतिलाई न्यूनीकरण गर्न नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपाल रेडक्रस सोसाइटी, मानवीय सहायतामा काम गर्ने संघ संस्थाहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरु थप सक्रिय रहने । यस्ता विपद्का घटनाहरुबाट हुनसक्ने सम्भावित जोखिम न्यूनीकरणका लागि आ-आफ्ना काम कारवाहीहरुलाई थप प्रभावकारी वनाउने ।

४. पूर्व मनसुन सुरु भइ सकेको सन्दर्भमा आगामी मनसुनमा हुनसक्ने सम्भावित क्षतिलाई आकलन गरी आ-आफ्नो निकायहरुबाट तयार पारिएको आपत्कालीन कार्य योजना तर्जुमा गर्न सबै सरकारी, गैर सरकारी, मानवीय सहायतामा क्रियशील राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संगठनहरु, नेपाल रेडक्रस सोसाइटीका जिल्ला शाखा तथा उपशाखालगायतका जिल्ला स्थित अन्य संघसंस्थाहरु थप सक्रिय बनाउन आवश्यक पहल कदमी लिने ।

५. आपत् परेका बेला मानवीय सहयोग पुर्‍याउनका लागि स्थापित भै कामकाज गर्दै आएका सबै सरकारी निकायहरु, गैर सरकारी निकायहरु, मानवीय सहायतामा कामगर्ने संघसंस्थाहरु, रेडक्रस अभियान लगायतका जिल्ला स्थित संघसंस्थाहरुले गरेका क्रियाकलापहरुलाई थप प्रभावकारी बनाउने।

६. मनसुनका समयमा आउन सक्ने बाढी पहिरोबाट पूर्वाधार तथा भौतिक सम्पत्तिमा हुनसक्ने संभावित क्षति तथा राजमार्गहरुको अवरोधलाई ध्यानमा राखी विभिन्न राणनीतिक स्थानहरुमा हेवी इक्वुपमेन्टसहितको टोली Stand By राख्न भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई अनुरोध गर्ने। नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलले समेत आ-आफ्ना मातहतका निकायहरुलाई सक्रिय बनाई सम्भावित अवरोधलाई न्यूनीकरण गर्न ध्यान दिने ।

७. सबै जिल्ला दैवी प्रकोप उद्धार समितिहरुले आगलागी, वन डढेलो नियन्त्रण गर्न तथा मनसुनसम्बन्धी कार्य योजना वनाई सम्भावित जोखिमलाई न्यूनीकरण गर्न सक्ने गरी पूर्व तयारीमा रहने ।

८. मानवीय सहायतामा काम गर्ने संयुक्त राष्ट्रसंघीय निकायहरुले संयुक्त राष्ट्रसंघीय मानवीय संयोजकको कार्यालयमार्फत र नेपाल रेडक्रश सोसाइटीले सोझै आ-आफ्ना गोदाम घरहरुमा रहेका सामग्रीहरुको विवरण गृह मन्त्रालय, राष्ट्रिय आपत्काली कार्य संचालन केन्द्र र गोदाम रहेको सम्वन्धित जिल्लाको जिल्ला दैवी प्रकोप उद्धार समितिलाई ७ (सात) दिन भित्र उपलब्ध गराउने ।